## मोलुङ गाँउपालिकाको गाउँसभा २०७६ साल आषाढ २५ गते

## उपाध्यक्ष श्री हेम कुमारी तामाङ्ग ज्युले प्रस्तत गर्नुभएको
## बजेट बक्तव्य

# आर्थिक वर्ष २०७६/०७७ को

# बजेट बक्तव्य

मोलुङ गाउँपालिका
प्राप्चा,ओखलढुङ्गा
१ नं. प्रदेश, नेपाल

**यस गरिमामय सभाका अध्यक्ष महोदय,प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथी ज्यूहरु, अतिथी ज्यूहरु, सभाका सदस्यज्यूहरु, विभिन्न कार्यालयवाट उपस्थित हुनुभएका कार्यालय प्रमुखज्यूहरु, शिक्षक शिक्षिका ज्यूहरु, समाजसेवी, बुद्धिजिवी वर्गहरु, सुरक्षाकर्मि ज्यूहरु, पत्रकार ज्यूहरु कर्मचारी साथिहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक नमस्कार ।**

**गाउँसभाका अध्यक्ष महोदय,**

मोलुङ गाँउपालिकाको उपाध्यक्षको हैसियतले सम्मानित सभासमक्ष आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा देश र जनताको निम्ति जीवन समर्पन गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रृन्दान्जली व्यक्त गर्न चाहन्छु । साथै सामाजिक न्याय, आर्थिक सम्मुन्नति, राजनीतिक परिवर्तनका लागि संघर्ष ग**र्नु हुने** महान जनता र नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वप्रति आभार प्रकट गर्न चाहन्छु ।

लामो समयको जनताको राजनीतिक संघर्ष पश्चात स्थानीय तहको निर्वाचन सँगै नेपालका संविधानमा व्यवस्था भए बमोजिमको नयाँ राज्य व्यवस्थाको सुरुवात भएको दुई वर्ष वितिसकेको छ, यो अवधिमा शासन व्यवस्थामा अन्योलता, कर्मचारीको अपर्याप्तता, पूर्वाधारको कमी जस्ता समस्याहरु सामना गर्नुपरेको छ । यस बाबजुत पनि यहाँका जनताले नजिकमा सेवा र गाउँ टोलमा विकासका अनुभूति गरेका छन् ।

अपार प्राकृतिक श्रोत र प्राकृतिक मनोरम, खेतियोग्य जमिन, मेहनती जनता यहाँका सम्पत्ति हुन् । नेतृत्व वर्गले यिनै सम्पत्तिलाई जनताको खुशीमा परिवर्तन गर्न सके मोलुङ गाउँपालिकाको अभियान सफल हुनेछ ।

वर्तमान सरकारले आत्मसात गरेको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकांक्षालाई मध्यनगर गरिएको छ । सामाजिक न्याय सहितको तीब्र विकास, सुशासन सहितको जनउत्तरदायी स्थानीय सरकार, सभ्य र सुसस्कृत समाज निर्माण गर्दै समतामूलक विकासको निम्ति मोलुङ गाउँपालिका लागि परेको छ ।

जनताले नजिकबाट सर्वसुलभ तरिकाले सार्वजनिक सेवा अवस्था लिने सिर्जना भएको छ । सार्वजनिक निकायबाट भोग्नु परेको अनावश्यक सास्तीको अन्त्य भई जनतामा स्थानीय सरकार प्रतिको विश्वसनियता वृद्धि भएको छ ।

चरम गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको शिघ्र अन्त्य हुनेछ र स्थानीय जनतामा रोजगारीको अवसर, सार्वजनिक सेवाको सर्वसुलभता, बचत गर्ने बानीको विकास, आधारभू**त** शिक्षा र प्राथमिक स्वास्थ्यमा पहुँच, सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति भएको छ ।

निजी, सहकारी, अर्धसरकारी संघ सस्थाहरुलाई गाउँपालिकाले विकासको साझेदारीको रुपमा स्वीकार गरेको छ साथै लगानी मैत्री वातावरण र संरचना निर्माणमा ध्यान केन्द्रित भएको छ।

मोलुङ गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट सीमा तर्जुमा गर्दा मैले नेपालको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेशको बजेट, मोलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, दीगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिएको छु, साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजिवि, राजनीति कर्मी, भद्र भलादमी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु चालु आर्थिक वर्षमा हासिल भएका उपलब्धिहरु संस्थागत गर्दै नागरिकको सामाजिक र आर्थिक हीत प्रबर्दन गर्न उपलब्ध श्रोतको समन्यायिक बाँफफाँड, सेवाको सरल र समान वितरण, विकासमा समान सहभागीता, जनतामा विकासको स्वामित्त ग्रहण जस्ता महत्वपूर्ण कुराहरुमा विशेष ध्यान दिइनेछ ।

**सम्मानित सभाध्यक्ष महोदय,**

अब म मोलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन चाहन्छु ।

1. चालु आ.व. को वित्तीय प्रगति सन्तोषजनक रहेको पाइन्छ ,चालु खर्च भन्दा विकास खर्चको हिस्साको प्रगति उपलव्धीमूलक भएको पाइन्छ ।

2. गाउँपालिकामा आधुनिक कृषि प्रणालीको सुरुवात भएको छ यसले कृषकको आयस्तर वृद्धि गर्नमा महत्वपूर्ण सहयोग पुगेको पाइन्छ ।

3. सडकको विस्तारले दैनिक उपभोग्य सामान उपलब्धता सहज भएको जसले प्रतिष्पर्धात्मक बजार प्रणालीको विकास भएको छ ।

4. वस्तु निर्यात भन्दा आयात बढी रहेकोले स्थानीय उत्पादनलाई बढी प्राथमिकता दिनुपर्ने नीति अबलम्बन गर्नुपर्ने देखिन्छ ।

   राजस्व परिचालनको लक्ष्य नजिक पुगेको देखिदैन त्यसैले। राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभाबकारी बनाउने रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ । राजस्व प्रणालीमा द्बिविधा विद्यमान देखिन्छ ।

   जनतामा आर्थिक असन्तुलन देखिन्छ । त्यसैले विपन्न र लक्षित उन्मूख कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

   बचत तथा ऋण सहकारी संस्थाहरुको उपस्थिति संख्यात्मक रुपमा मात्र रहेकोले उत्पादनमूलक कार्यमा उत्प्रेरित गर्नु आवश्यक देखिन्छ ।

**सम्मानीत सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य र प्राथमिकता निम्नानुसार: छन

- सडकको विस्तार र स्तरोन्नती गरी नागरिकलाई यातायातको पहुँचमा बढाउने ।

- कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने ।
- पर्यटन क्षेत्रलाई विकास र विस्तार गरी समग्र गाँउपालिका नै पर्यटकीय गन्तव्यकोरुपमा विकास गर्ने ।
- उपलब्ध श्रोत साधनको न्यायोचित वितरण, विकासमा समान सहभागिता गराइनेछ ।
- स्वास्थ्य र शैक्षिक गुणस्तर बृद्धि गर्ने ।
- सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने ।
- सामाजिक कलह, झगडा र विपत्तिहरुलाई अन्त्य गरिनेछ ।
- युवा स्वरोजगार कार्यक्रलाई बढवा दिने ।
- जनतामा मौलिक हकको प्रत्याभूति दिलाइनेछ ।
- सेवा प्रवाहको गुणस्तर बृद्धि गरी प्रक्रियागत झन्झटलाई अन्त्य गर्ने ।
- खाद्य सुरक्षाको प्रत्याभूति गरिनेछ ।

**सम्मानीत सभाध्यक्ष महोदय,**

अब म बजेट तर्जुमाका आधार र सिद्धान्तहरु प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ,
- राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, , २०७४
- संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा , सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७,४
- अन्तरसरकारी वित्तीय हस्तान्तरण निर्देशिका,
- दीगो विकासको लक्ष्य,

- संघीय, प्रादेशकि र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- उपलव्ध श्रोत र साधन,
- विकासका अन्तर सम्बन्धित विषयहरु,
- नेपाल सरकारले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु,
- संघ र प्रदेशले अबलम्बन गरेका आर्थिक नीतिहरु,
- विकासका आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरुयोजना,
- संघीय सरकार र प्रदेश सरकारको निर्देशन तथा परिपत्रहरु,
- राजस्व परामर्श समितिको प्रतिबेदन आदि ।

**सम्मानित सभाध्यक्ष महोदय,**

अब म मोलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अनुमानित आय श्रोत प्रस्तुत गर्न चाहन्छु ।
अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा आयोग, वित्त प्रदेश सरकार बाट प्राप्त पत्र तथा प्रदेश बजेट बक्तव्य र आ.व. २०७५/०७६ को बैकं मौज्दातको आधारमा आ.व. २०७६/०७७ मा यस मोलुङ गाउँपालिकामा प्राप्त अनुमानित **कुल बजेट रु. ३०५,६९७,०००।- (अक्षरेपी तीस करोड छपन्न लाख सन्तनब्बे हजार मात्र)** निम्न अनुसार को शिर्षकगत आय बिबरण रहेको छ ।

- संघिय सरकार वित्तिय समानिकरणबाट प्राप्त : **रु ७ करोड ६६ लाख ।**
- संघिय सरकार सर्शत अनुदानबाट प्राप्त : **रु १५ करोड ७९ लाख ।**
- संघिय सरकार राजश्व बाँडफाँडबाट प्राप्त : **रु ५ करोड ९७ लाख ।**
- प्रदेश सरकार सवारी कर राजश्व बाँडफाँडबाट प्राप्त आय : रु **६९ लाख ८६ हजार ।**
- प्रदेश सरकार सवारी कर राजस्व बाँडफाडबाट प्राप्त आय : रु.**३० लाख ११ हजार**
- अनुमानित आन्तरिक राजश्व समेत **रु. १५ लाख । गरी आव. ०७६/०७७ को जम्मा अनुमानित आय : रु ३० करोड ५६ लाख ७९ हजार रहेको छ ।**

**सम्मानित सभाध्यक्ष महोदय,**

**आ.व. २०७६/०७७ मा सम्पूर्ण बजेटको चालुगत र पूँजिगत बजेट विवरण पेश गर्न चहान्छु।**

यस आर्थिक बर्षमा चालुगत बजेट तर्फ कर्मचारी पारिश्रमिक,कार्यालय संचालन,व्यवस्थापन लगायत अन्य चालु प्रकृतिका विविध शिर्षकमा **एकमुष्ट बजेट रु ६ करोड १७ लाख ९७ हजार** बजेट छुट्याईएको छ । भने **पुँजिगत तर्फ रु ८ करोड ६० लाख बजेट** विनियोजन गरीएको छ ।

**सम्मानित सभाध्यक्ष महोदय,**

अब म मोलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालय, क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- मोलुङ गाउँपालिका, वडा नं. १ लाई **रु.३४ लाख ५० हजार** विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका,वडा नं. २ लाई **३४ लाख ५० हजार** विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ३ लाई **रु. ३१ लाख** विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं ४ लाई **रु.३३ लाख** विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ५ लाई **रु. ३३ लाख** विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ६ लाई**रु. ३५ लाख** विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ७ लाई **रु. ३९ लाख ५० हजार** विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ८ लाई **रु. ३५ लाख** विनियोजन गरिएको छ ।

**अध्यक्ष महोदय,**
अब म मोलुङ गाउँपालिकाको गौरबको योजना तथा कार्यक्रमहरुहरु प्रस्तुत गर्न गईरहेको छु ।

**क) आर्थिक विकास :**
१) विकासको आधारशिला आर्थिक विकास हो । यस क्षेत्रलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राखेको छ । आर्थिक विकासलाई मजबुत बनाउन गाउँपालिकाले कृषि तथा पशु सेवा सम्बन्धी कार्यक्रमहरु कृषि तथा पशु पकेट क्षेत्रको रुपमा घोषणा गरी कार्यक्रमहरु संचालन गर्न **एकमुष्ट रु ४५ लाख** बजेट बिनियोजन गरिएको छ ।

२)मोलुङ गाउँपालिकालाई पर्यटक गन्तव्यको रुपमा बिकास गरी आय आर्जनमा टेवा पुऱ्याउने उद्धेश्यले पर्यटन क्षेत्र बिकास कार्यक्रमको लागि **रु २० लाख** बजेट बिनियोजन गरिएको छ ।

३)महिलाहरुलाई व्यवसायिक तथा उद्यमी बनाउन सिलाई कटाई तालिम तथा लैङ्गिक समानता तथा समाबेशीकरण शिर्षकमा **एकमुष्ट रु १७ लाख ३० हजार** बजेटको व्यवस्था गरिएको छ ।

४) मोलुङ गाउँपालिका क्षेत्र भित्र साना तथा घरेलु उद्योगको बिकास मार्फत आर्थिक बृदि दर हाँसिल गर्न र सहकारी क्षेत्रको बिकास गर्दै समुदायमा छरिएर रहेको पुँजी श्रोत साधन र जनशक्तिको उच्चतम प्रयोग गर्न **एक मुष्ट रकम रु ५** लाख बजेट व्यवस्था गरिएको छ ।

**ख) सामाजिक विकास :**

१) गाउँपालिकाले समग्र शैक्षिक सुधारको लागि जनशक्ति व्यवस्थापनलाई महत्वपूर्ण कडिको रुपमा लिएको छ र शिक्षक विद्यार्थी अनुपातलाई मूख्य आधार बनाएर आ.व. २०७६/०७७ मा शिक्षामा गुणस्तरीयता ल्याउदै सार्वजनिक बिद्यालयको साख जोगाउनको लागि गाउँपालिकाले शिक्षा क्षेत्रमा **एकमुष्ट रु ९० लाख बजेट** बिनियोजन गरीएको छ ।

२) स्वस्थ नेपाल, समृद नेपाल, समृद नेपाल सुखी नेपाली भन्ने मुल नारालाई आत्मासाथ गर्दै मोलुङ गाउँपालिकाले यस आ.व. मा ५ स्थानमा खोप केन्द्र भवन निर्माण लगायत मोलुङबासीको आधारभुत स्वास्थ्यलाई मध्यनजर गर्दै **एक मुष्ट रु ४० लाख बजेट** बिनियोजन गरिएको छ ।

३)सम्पूर्ण जातजातिहरु बीच जातिय एकता,धार्मिक सहिष्णुता कायम गर्दै शान्त समाज निर्माण गर्न धार्मिक तथा साँस्कृतिक क्षेत्रको योगदानलाई मध्यनजर गर्दै धार्मिक संरचना निर्माणको लागि **रु १० लाख बजेट** बिनियोजन गरिएको छ ।

४)भविष्यको कर्णधारको रुपमा रहेका युवा जगतको जोस जाँगर र ईच्छा शक्तिलाई सदा जोगाई राख्ने खेलकुद क्षेत्रको बिकासको लागि युवा तथा खेलकुद शिर्षकमा एकमुष्ट **रु १५ लाख बजेट** बिनियोजन गरिएको छ ।

५)राज्य तथा राष्ट्र निर्माणमा प्रत्येक व्यक्तिको महत्वपूर्ण भुमिका रहेको हुन्छ र सो को लागि हरेक बर्ग,क्षेत्र, लिङ्ग, जाति, को समान अस्तित्व लाई स्वीकार गर्दै राज्य र राष्ट्र प्रति सम्पूर्ण नागरिकहरुलाई बफादार बनाउन लैङ्गिक समानता तथा समाबेशिकरण शिर्षकमा **एकमुष्ट रकम रु २० लाख** बिनियोजन गरिएको छ ।

**ग) पूर्वाधार विकास :**

(१) गाउँपालिकाले जनताको जीवनलाई सहज बनाउने हेतुले पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ । सडक, पूल, सिंचाई, भवन, उर्जा, साना तथा लघु जलविद्युत आयोजनाहरुको निर्माण तथा व्यवस्थापन गर्न गाउँपालिकाले **एक मुष्ट रकम रु ४ करोड २० लाख** बजेटको व्यवस्था गरेको छ ।

२) गाउँपालिका बासिको आवत जावत कार्यलाई सहज बनाई जिवन स्तर सरल बनाउन गाउँपालिकाले सडक निर्माण तथा सडक तथा पुलको डिपि आर गर्नको लागि **एक मुष्ट रु २ करोड ४९ लाख ५ हजार** बजेट बिनियोजन गरेको छ ।

३) कृषि क्षेत्रको मुटुको रुपमा रहेको सिँचाई व्यवस्थापनलाई मध्यनजर गर्दै र स्वच्छ खानेपानीको व्यवस्थापन गर्न सिँचाई तथा खानेपानीको लागि **एक मुष्ट रु ४५ लाख** बजेट को व्यवस्था गरिएको छ ।

४) भवन तथा शहरी बिकासले नै मानव जिवनमा गुणस्तरीय जिवनको मापन गर्ने कुरालाई मध्यनजर गर्दै भवन, शौचालय, प्रतिक्षालय निर्माण जस्ता पूर्वाधारको क्षेत्रमा **एकमुष्ट रु ७५ लाख ९५ हजार** बजेटको व्यवस्था गरिएको छ ।
५) उर्जा क्षेत्रको बिकास र बिस्तार गर्न **एकमुष्ट रु ४० लाख** बजेट व्यवस्था गरिएको छ ।
६) सूचना प्रविधि मैत्रि सार्वजनिक सेवा प्रदान गर्नको लागि प्रभावकारी सूचना प्रविधि जडान गर्न सुचना प्रविधि व्यवस्थापन शिर्षकमा **एकमुष्ट रु ५ लाख** बजेटको व्यवस्था गरिएको छ ।

**घ) वाताबरण तथा विपत व्यवस्थापन :**
१) पालिका भित्र आईपर्ने विपत व्यवस्थापनको लागि **एकमुष्ट रु १० लाख** र बन संरक्षण , उन्नत जातका फलफुलका बिरुवाको वृक्षारोपण,पालिका स्तरीय नर्सरी स्थापना कार्यक्रमको लागि एकमुष्ट **रु २० लाख बजेट** बिनियोजन गरिएको छ ।

**ङ) सुशासन तथा संस्थागत क्षमता बिकास :**
१) समृद समाज र प्रभावकारी नेतृत्व गर्नको लागि सक्षमता महत्वपूर्ण कडी रहने हुनाले सो को प्राप्ती तालिम तथा क्षमता बिकास कार्यक्रमबाट सम्भब हुने हुँदा यस बजेटबाट कर्मचारी/जनप्रतिनिधि, दलित तथा अल्पसंख्यकहरु क्षमता बिकासको लागि **एकमुष्ट रु २५ लाख** बजेट बिनियोजन गरिएको छ ।

२) मोलुङ गाउँपालिकामा कार्यारत श्रेणीविहीन करारमा कार्यारत कर्मचारीहरुको मनोबल उच्च पार्न **न्यूनतम तलब सुबिधा रु १३४५०।** व्यवस्था गरिएको छ र सो तलब भन्दा बढि खाईपाई आएको कर्मचारी को हकमा प्रोत्साहन स्वरुप थप केहि तलबको व्यवस्था गरिएको छ ।

**च) न्यायिक समिति :**
जनताको हक अधिकारलाई सूनिश्चित गर्दै शान्त र सभ्य समाजको निर्माण गर्न न्याय क्षेत्रको अग्रणि भुमिकालाई ध्यानमा राखि पालिका स्तरमा न्याय मूर्तिका रुपमा रहेका न्यायिक समितिका सदस्य,मेलमिलाप कार्यकर्ताहरुको क्षमतामा बृदि गरीस्वच्छ,निश्पक्ष र उत्कृष्ट ढङ्गले न्याय सम्पादन गराउन न्यायिक समितिलाई एकमुष्ट रकम **रु १० लाख** बजेट व्यवस्थापन गरिएको छ ।

**सम्मानीत सभाध्यक्ष ज्यू,**
**अब म आर्थिक बर्ष २०७६/०७७ को गाउँपालिका स्तरमा संचालन हुने योजना तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।**

**सम्मानित सभाध्यक्ष ज्यू,**

मुलुकमा संघीयता लागु भई स्थानीय तह घोषणा भए सँगै हामी आफैले स्थानीय तहबाटै आर्थिक, भौतिक, सामाजिक तवरले फड्को मार्नुपर्ने चुनौती थपिएको छ । सामाजिक क्षेत्र तथा भौतिक पुर्वाधार मा उल्लेखनीय रुपमा विनियोजन गरिएको यो बजेटबाट समृद्ध मोलुङ गाउँपालिकाको शुरुवात हुनेमा मैले विश्वास लिएको छु । बजेटको पुर्ण कार्यान्वयनले जनताले स्थानीय तहमा सरकारको उपस्थितिको अनुभुति हुनेछ भन्ने विश्वास लिएको छु । यो बजेटको सिद्धान्त र प्राथमिकतामा प्राप्त विभिन्न सुझावका लागि गाउँबासीहरु, शिक्षक, बुद्धिजिवीहरु, समाजसेवी, पत्रकार, कर्मचारी, प्रति म आभारी छु । बजेट निर्माणका क्रममा अहोरात्र खटिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**र अन्त्यमा,** गाउँपालिकाको विकासमा सहयोग पुऱ्याउने सबै करदाताहरु, विभिन्न संघ संस्थाहरु, दातृ निकायहरु तथा आम मोलुङवासी बुवा आमा, दिदी बहिनी, दाजुभाईलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पुर्ण सहयोग पाउने अपेक्षा सहित विदा हुन्छु ।

**धन्यवाद ,**
**नमस्कार ।**

**हेमकुमारी तामाङ**
**उपाध्यक्ष**
**मोलुङ गाउँपालिका**